# आपूर्ति व्यवस्थाको हालको स्थिति
# (२०७७ चैत्र ३१)

## १. खाद्य पदार्थको मौज्दात अवस्थाः

| खाद्य पदार्थ | | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड | निजी क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|
| चामल (मे. टन) | जम्मा | १०,३३२ | - | | १०,३३२ |
| | दुर्गम जिल्ला | ३,२८४ | - | | |
| नून (मे. टन) | जम्मा | - | १,४२,४९३.३८ | | १,४५,२१५.३८ |
| | दुर्गम जिल्ला | - | २७२२ | | |
| चिनी (मे. टन) | | | ८३७ | ७४३१९ | ७५,१५६ |
| गहुँ (क्वी न्टल) | | ७६०.८७ | - | - | ७६०.८७ |

## २. आपूर्ति स्थितिः

**खाद्यान्न**

- हाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बजारबाट ५०,००० क्वीण्टल चामल खरिदको लागि टेण्डर निष्काशन भएको र नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा ३० हजार क्वीन्टल गहुँ खरिद प्रक्रिया अगाडि बढेको।
- दुर्गम जिल्लाहरुमा समेत खाद्यान्नको मौज्दात रहेको छ। हाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका दुर्गम जिल्लाहरुमा रहेका डिपोहरुमा ३२८४५.२२ क्वीण्टल चामल मौज्दात रहनुका साथै बिक्री वितरण समेत भई रहेको छ। दुर्गमका केही स्थानहरुमा चामल

अभाव देखिएको अवस्थामा जिल्ला सदरमुकामबाट र आवश्यक परेको अवस्थामा अन्यत्रबाट समेत छिटो साधनद्वारा चामल आपूर्ति गर्ने गरिएको छ।

- खाद्यान्न अभाव हुन र मूल्य वृद्धि हुन नदिन बजार अनुगमनलाई तीव्र बनाई मूल्य स्थिर राख्नेद प्रयास गरिएको छ।
- आयोडिनयुक्त नून प्रर्याप्त मात्रामा रहेको हुँदा यसमा कुनै समस्या छैन।

**पेट्रोलियम पदार्थ एवं खाना पकाउने एल.पि.ग्याँस**

- पेट्रोलियम पदार्थ एवं खाना पकाउने एल.पि.ग्याँसको आपूर्ति व्यवस्था सहज छ। आयातमा कुनै अवरोध छैन। मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात भइरहेको छ।
- नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्य स्वचालित मूल्य प्रणाली अनुरुप मूल्य समायोजन गर्ने गरेको छ। हाल निगमसँग पेट्रोल ७०१७ , डिजेल ३७११६, मट्टीतेल २०९०, हवाई इन्धन ६१२२ गरी जम्मा ५२ ,३४५ पेट्रोलियम पदार्थ मौज्दात रहेको छ भने खाना पकाउने एल.पि.ग्याँस नियमित रुपमा आयात भईरहेको छ। यसमा कुनै समस्या छैन।